# साइबर अपराधबाट बचौं।

- सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लिल श्रव्य, दृष्य वा श्रव्यदृष्य पोष्ट वा सेयर, लाइक नगरौं,
- सामाजिक सञ्जाल मार्फत कसैको चरित्र हत्या नगरौं,
- सामाजिक सञ्जाल मार्फत अमर्यादित कार्य नगरौं,
- सामाजिक सञ्जाल मार्फत गालीगलौज नगरौं,
- सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
- विद्युतीय माध्यम मार्फत कुनै ठगी नगरौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन
मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**यस्तो कार्य गर्ने गराउनेलाई कानुनी कारबाही हुन्छ।**

**कानुनी कारबाहीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।**

# साइबर सुरक्षावारे सचेत रहौं।

अपरिचित लिङ्क वा मेल नखोलौं,

- चिठ्ठा पर्यो भनी आएको मेल/लिङ्कहरूको विश्वासमा नपरौं,
- विभिन्न उपहार पठाउन रकम माग गरे विश्वास नगरौं,
- आफ्नो फोटो, भिडियो तथा व्यक्तिगत जानकारी जो कोहीसँग सेयर नगरौं,
- आकर्षक रोजगारी पाउने प्रलोभनमा रकम नपठाऔ,
- चिनजानकै व्यक्तिबाट मेसेजमा रकम माग गरेमा ह्याक भएको हुनसक्छ, त्यस्तो अवस्थामा रकम नपठाऔ,
- सार्वजनिक स्थानमा उपलब्ध फ्रि वाइफाइमा बैङ्किक कारोबार वा संवेदनशील जानकारी आदानप्रदान नगरौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन
मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**शंका लागेमा नजिकको प्रहरी वा साइबर ब्युरोमा सम्पर्क गरौं।**

# फोहोरमैलाको उचित व्यवस्थापन गरौं।

- घरवरिपरि तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहोरलाई डस्बिन वा फोहोर सङ्कलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
- प्लास्टिक तथा अन्य फोहोरलाई नजलाऔं,
- कुहिने, नकुहिने र पुन: प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं।


लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा
कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),
नेपाल


**फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं।**

# बालबालिकामा शिक्षाको पहुँच पुर्‍याऔं।

- उमेर पुग्ने बित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
- विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
- घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
- बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
- बालबालिकाको रुचि बमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
- बालबालिकाको फरक क्षमता अनुसार सिकाइको अवसर प्रदान गरौं,
- बालबालिकालाई पढाइका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं,


लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा
कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),
नेपाल

# रक्तदान गरौं।

- हाम्रो थोरै रगतले पनि अरुको ज्यान जोगिन सक्छ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्छ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान महादान र जीवन दान हो।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन
मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),
नेपाल

**आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं।**

# महिला अधिकारको सम्मान गरौं।

- महिलालाई समाज र देशको मूलधारमा ल्याउन पहल गरौं,
- महिलाको प्राकृतिक पहिचानको सम्मान गरौं,
- महिला सशक्तीकरणमा ध्यान दिऔं,
- लैङ्गिक समानता कायम गर्न महिलालाई विशेष अवसर प्रदान गरौं,
- सम्पत्तिको स्वामित्वमा महिलाको सहभागिता बढाऔं,
- संविधान र कानुनले दिएका महिला अधिकारको
  सम्मान गरी कार्यान्वयन गरौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन
मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),
नेपाल

# सडकको संरक्षण गरौं।

**सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,**

**त्यसैले,**

- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,
- निर्माण सामग्री सडकमा नथुपारौं,
- सडकमा सवारी साधन धुने नगरौं,
- सडकका नालीमा अवरोध नगरौं,
- सवारी आवागनमा वाधा नपु¥याऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा
कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),
नेपाल

# सुत्केरीको स्वास्थ्यमा ध्यान पु¥याऔं।

- गर्भावस्थामा कम्तीमा आठ पटक स्वास्थ्य जाँच गराऔं,
- स्वास्थ्य संस्थामा नै प्रसूति सेवा लिऔं,
- नियमित पोषिलो खानेकुरा खुवाऔं,
- बच्चा जन्मनेबित्तिकै बिगौती दुध खुवाऔं,
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं,
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ परीक्षण गराऔं,
- राष्ट्रिय खोप तालिका अनुसार बालबालिकालाई सबै खोप लगाऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा
कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),
नेपाल

# जैविक विविधताको संरक्षण गरौं।

- वनजङ्गलको संरक्षण र वृक्षारोपणका कार्यक्रम सञ्चालन गरौ,
- जलाधार क्षेत्र र सिमसार क्षेत्रको संरक्षणमा जुटौं,
- दुर्लभ वनस्पति तथा पशुपन्छीको अवैध सिकार र तस्करीविरुद्ध आवाज उठाऔं,
- वातावरणीय सन्तुलन कायम हुने गरी विकासको कार्यक्रम सञ्चालन गरौं,
- परम्परागत कृषि बाली र पशु नश्लको संरक्षण गरौं । जैविक विविधताको संरक्षण बारेमा जनचेतना जगाऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा
कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),
नेपाल

# नैतिक आचरणको पालना गरौं।

- झुट, छलकपट जस्ता अनैतिक क्रियाकलापबाट टाढा रहौं,
- आफ्नो कर्तव्यप्रति इमान्दार बनौं,
- असहाय, वृद्ध, अपाङ्गता भएको व्यक्तिलाई सहयोग गरौं,
- कानुन र विधिको पालना गरौं,
- भ्रष्टाचार, बेइमानी जस्ता अनैतिक क्रियाकलापविरुद्ध आवाज उठाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा
कानुन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),
नेपाल

# लागुऔषध प्रयोग नगरौं।

लागुऔषधको सेवनले,

- मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर गर्छ,
- परिवार, साथीभाइ र आफन्तसँग सम्बन्ध बिग्रन सक्छ,
- सामाजिक सम्मानमा गिरावट ल्याउँछ,
- सामाजिक अपराध र विकृति बढ्छन्,

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन
मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

**त्यसैले,**

लागुऔषधको उत्पादन, सञ्चय, ओसारपसार बिक्रीवितरण तथा सेवन नगरौं र गर्न नदिऔं ।

# अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं।

- अपाङ्गता भएका व्यक्तिको मानव अधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक विद्युतीय सूचना प्रणाली र सञ्चारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन
मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),
नेपाल